# नेपालको रेड प्रक्रियामा लैङ्गिक सवाल

■ कल्पना गिरी* र जेनी थापा**

रेड प्रक्रियाको ढाँचा निर्माणमा महिलाको सशक्त सहभागिता र त्यसको निश्चितताका लागि लैङ्गिक दृष्टिकोणले विश्लेषण गरिनुका पछाडि मुख्य दुई कारण छन् । पहिलो, रेड प्रक्रियामा सामाजिक प्रभावमा लैङ्गिक पक्षमा विश्लेषणको कमी हुनु र रेड मूलतः न्यूनीकरणमा केन्द्रित हुँदा महिलाले हालसम्म अपनाइरहेका अनुकूलनको रणनीतिलाई सम्बोधन नगरिनु हो । दोस्रो, महिला र पुरुषबीच आर्थिक, शैक्षिक, सूचनामा पहुँच, पैत्रिक सम्पत्तिमा अधिकार, प्राकृतिक स्रोत व्यवस्थापन आदि विभेद गर्दा महिला तथा पुरुषमा नीतिनियमहरुले पार्ने प्रभाव (जस्तै फाइदाको वितरण) मा, विभेद हुन सक्नेछ । नेपालको वनले कार्बन पुँजीबाट फाइदा लिँदै सहुलियत वितरण गर्ने क्रममा लैङ्गिक रुपमा विभेद हुन सक्ने खतरा देखिन्छ- जसले गर्दा लैङ्गिक असमानता र असमान सहभागितमा केन्द्रित महिलाले रेड नीतिबाट फाइदा लिन सम्भव छैन । जबसम्म लैङ्गिक मूलधारलाई रेडको नीतिनिर्माणमा र कार्यान्वयनमा समावेश गरी विद्यमान लैङ्गिक विभेदतापूर्ण नीति र परम्पराहरुलाई सम्बोधन र सुधार गरिदैन- रेड नीतिले सामाजिक रुपमा न्यायोचित र लैङ्गिक रुपमा समतामूलक दिगो वन व्यवस्थापन गर्न सकिदैन ।

यसै सन्दर्भमा यस लेखमार्फत नेपालको रेड प्रक्रियामा लैङ्गिक सवाल उठाउने जमर्को गरिएको छ । नेपालको रेड तयारी प्रस्तावनाले जलवायु परिवर्तनलाई व्यवस्थित गर्नका लागि वनस्रोत संरक्षण र व्यवस्थापनमा महिलाको श्रम, ज्ञान, जिम्मेवारी र प्रतिबद्धतालाई कसरी मूल्याङ्कन गरेको छ ? महिलाहरुको पक्षमा कस्तो रणनीति लिएको छ ? यसबारे प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

## नेपालको तयारी चरण

विश्व बैंकको वन कार्बन साझेदारी सहयोग कोष कार्यक्रमअन्तर्गत नेपालको रेड तयारीका लागि प्रस्तावना निर्माण (R-PP) गरिसकिएको छ । नेपालमा भएका प्राकृतिक स्रोतमा कार्यरत नागरिक समाज, गैर सरकारी संस्था, सञ्जाल तथा प्राकृतिक स्रोतका विज्ञहरुको समूहले विभिन्न चरणमा गरेका अन्तर्क्रिया, गोष्ठी र समूह छलफल आदिबाट आएका सुझावहरुलाई समेटेर प्रस्तावना तयार भएको थियो । तयार गरिएको प्रस्तावना स्वीकृत भई हाल नेपाल रेडको रणनीति निर्माण गरी नमुना योजना पहिचानको तयारीको क्रममा रहेको छ । रेड प्रक्रियाका विभिन्न चरणलाई बुझ्नका लागि तलको चित्र हेरौं ।

## तयारी चरणमा लैङ्गिक सवाल

यस लेखमा जलवायु परिवर्तनको सन्दर्भमा लैङ्गिक मूलधारमा रहेर गरिएका कार्यहरुमध्ये विशेषतः रेड प्रक्रियामा केन्द्रित पुनरावलोकन गर्ने जमर्को गरिएको छ । यसले जलवायु परिवर्तनसम्बन्धी नीति तथा नियम निर्माणका क्रममा भएका रणनीतिक र प्रक्रियाको विस्तृत जानकारी दिन्छ र लैङ्गिक समानताका लागि भएका प्रक्रिया तथा नीतिले यसमा पार्ने प्रभावका बारेमा अध्ययन गरिएको छ ।

नेपालमा रेड प्रक्रिया अध्ययनका क्रममा रेड तयारी प्रस्तावना लेखन र सो लेखका विषयवस्तुमा लैङ्गिक दृष्टिकोणको अवस्थालाई विश्लेषण गर्ने प्रयास गरिएको छ । रेड तयारी प्रस्तावना लेखनको प्रक्रियालाई अन्तर्वार्ता, समूहकेन्द्रित छलफल र केही विज्ञसँगको अन्तर्संवादबाट समेटिएको छ । १० जना मुख्य व्यक्तिहरु जो नेपालको रेड तयारी प्रस्तावना




प्रक्रियामा सहभागी भएका थिए (विज्ञ, सल्लाहकार, सहजकर्ता, लेखनकर्ता र नागरिक समाजका प्रतिनिधि समूह, महिला समूह, राज्यका प्रतिनिधिहरु) तिनबाट रेड तयारी प्रस्तावनाबारे प्रक्रियागत जानकारी लिइयो उनीहरुको रेडसम्बन्धी लैङ्गिक चेतनास्तर वा बुझाइलाई अध्ययन गरिएको थियो। समानान्तर रुपमा रेड तयारी लागि प्रस्ताव लेखनको प्रतिवेदन (आरपीपी)लाई पुनरावलोकन गरियो। लैङ्गिक मूलाधार तथा पक्षहरुमा भएका लेख, प्रकाशनहरुलाई विश्लेषण गरिएको थियो। मुख्य व्यक्तिहरुको अन्तर्वार्ताबाट आएको निचोडलाई पुनः १० जना सहभागीहरुबीच समूह केन्द्रित छलफलमा विश्लेषण गरिएको थियो जसले रेड तयारी प्रस्तावनामा थप्न सकिने रणनीति निर्माणका लागि दिशानिर्देश गरेको थियो। यस छलफलबाट आएको निचोड र रणनीतिहरुलाई वोकानको राष्ट्रिय गोष्ठीमा (२८ श्रावण २०६७) मा प्रस्तुत गरिएको थियो। गोष्ठीमा ७० जना सहभागी रहेका थिए र रणनीतिका लागि सुझावहरु पनि प्राप्त भएका थिए।

## प्रस्तावना निर्माण प्रक्रिया विश्लेषण

### आरपीपी निर्माण

आरपीपी वन तथा भूसंरक्षण मन्त्रालयअन्तर्गत विभिन्न साझेदारहरुको साझेदारीमा तयार गरिएको हो- जसले बृहत् साझेदारीका साथ सहभागितामूलक प्रक्रियामा तयार पारेको भनी दावा गरिरहेको छ। आरपीपीको तथ्याङ्कअनुसार कूल गोष्ठी ५७ वटा भएकोमा १७ वटा राष्ट्रियस्तरका, १३ वटा क्षेत्रीय तथा जिल्लागत र २७ वटा समुदायस्तरका थिए। सहभागी पनि विभिन्न स्तरका थिए। आदिवासीदेखि स्थानीय समुदाय र स्रोतमा आश्रित उपभोक्तादेखि विज्ञसम्म आदि। केही गोष्ठी विशेष समूहलाई छुट्याएर पनि गरिएजस्तै आदिवासी समुदाय (४ वटा), महिला (३ वटा) र दलित (१वटा)। यसले गर्दा बहुसाझेदार अन्तर्क्रिया गरी र तिनकै सहकार्यमा तयार भएको देखिए तापनि रेड नीति तयारी समिति, साझेदारहरुको मञ्च र आरपीपीका विषयवस्तुहरुमा लैङ्गिक सवालका तथ्यगत प्रमाणको अभाव देखिन्छ।

मुख्यतः आर पिन नोट तयारीका बेला रेड प्रक्रियाको मुद्दा उठान भएको थियो। बुसली तथा खत्री (२०१०) का अनुसार यो निश्चित समुदायको विचार तथा कार्यमात्र हो। यो आरपिनका लागि बृहत् रुपमा साझेदार, नागरिक समाजका संस्था तथा अन्य सरकारी निकायहरुसँग पनि बृहत् छलफल नभई केवल केही साझेदार, वन तथा भूसंरक्षण मन्त्रालय र विश्व बैंकले मात्र तयार गरी विश्व बैंकमा पेस गरिएको जस्ता सवाल उठेका थिए। आरपिन स्वीकृति भइसकेको अवस्थामा रेड प्रक्रियाबारे प्रशस्त जानकारी नभएको अवस्था र सम्भावित वन व्यवस्थापनको बारेमा सोच्नुपर्ने देखिन्छ। आरपिनको अनुभवबाट सिक्नुपर्ने के देखिन्छ भने वन तथा भूसंरक्षण मन्त्रालयले सोका लागि बहुसंरचनागत कार्यगत एकाइ गठन गरी बृहत् रुपमा बहुसाझेदार सहभागिताको लागि आवेदन माग्यो- जसमा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (फेकोफन), प्राकृतिक स्रोतका लागि दलित (डानार), आदिवासी जनजाति महासंघ तथा फरेस्ट एक्सन नेपाल (गै.स.स.प्रतिनिधि) को कार्यसमूह बन्यो जसमा आधा धर्ती ढाकेका महिलाहरुको प्रतिनिधित्व गर्ने कुनै संस्थाका प्रतिनिधिहरुलाई समावेश गरिएन। जबकि नेपालमा स्रोतमा महिलाको पहुँचका लागि संगठित महासंघ हिमवन्ती रहेको छ।

पहिलो चरणका गोष्ठीहरुमा सबै साझेदारहरुलाई आमन्त्रण गर्ने क्रममा हिमवन्ती नेपालबाट पनि गोष्ठीमा सहभागिता जनाइयो। गोष्ठीको क्रममा हिमवन्ती नेपालका प्रतिनिधिबाट महिलाको सहभागितालाई प्रश्न उठाइएको थियो। तथापि कार्यगत समूहमा समावेश नगरेता पनि हिमवन्तीको सोचलाई सम्बोधन गरी समूह स्तरको गोष्ठी सञ्चालन गर्नेजस्ता कार्यमा सहभागि गराइएको थियो।

रेड कार्यगत समूहमा पनि बहुसाझेदार संरचनाको एकाइमा महिला सहभागिता नभएको वा नगण्य रहेको छ। रेडको एपेक्स बडी ११ सदस्यीय रहेको छ- जसमा महिला प्रतिनिधि संख्या १ मात्र रहेको छ। त्यसैगरी रेडको कार्यगत समूहमा सञ्चालन समिति ९ सदस्यीय रहेकोमा १ जनामात्र महिला रहेको देखिन्छ। आरपीपी कार्यगत समूह ६ सदस्यीय रहेको छ जसमा १ जना विदेशी महिलाको मात्र योगदान रहेको देखिन्छ। त्यस्तैगरी कूल विज्ञहरुमध्ये २ जनामात्र महिलालाई समावेश गरिएको छ। यसरी प्रतिनिधित्व गरिनेहरुमा आदिवासी जनजाति महासंघको मात्र  प्रतिनिधित्व भएको छ। तसर्थ सवाल के हो भने यस्ता प्रकारको महिला सहभागिताले वास्तविक महिलाको सवालहरुलाई सही प्रतिनिधित्व गर्छ भनेर कसरी विश्वस्त हुने ? आदिवासीको सवाल र महिलाको स्रोतमाथिको अधिकार तथा आश्रितता कसरी सम्बोधन हुन्छ ? यो सवाल गहन हो।

आरपीपी तयारीको प्रक्रियामा साझेदारहरुको सहभागिताको दायरालाई फराकिलो पारिएको भए तापनि अन्तर्वार्ताको क्रममा यस्ता धेरै साझेदारहरु स्वयंले यस प्रक्रियाको बारेमा असन्तुष्टि प्रकट गरेका छन्। उनीहरुका बहुसाझेदारी सहकार्य गर्ने पद्धति नयाँ रहेको तथा राष्ट्रले केही हदसम्म भएता पनि साझेदारलाई सम्बोधन गरेकोमा सकारात्मक रहेका छन्। हाल उनीहरुको सहभागिता क्रियाशीलतामा नभई कथित भाग दिइएको अवस्था पाइयो जसले गर्दा उनीहरुको भूमिका निश्चित र सहभागिताको लागि सहभागिताजस्तो रहयो। तथापि नयाँ विकास मुद्दाका रुपमा जलवायु परिवर्तन अगाडि बढिरहेको तथा रेड विषयवस्तु नै नयाँ रहेको अवस्थामा धेरै प्रतिनिधिहरुमा जलवायु परिवर्तन तथा रेडको बारेमा हालको स्थिति तथा अवसरका बारेमा सीमित ज्ञान रहेको पाइयो। यसरी पूर्वतयारीका लागि जुटेका स्रोतव्यक्तिहरुमा नै सूचनाको पर्याप्तता नभएको तथा सम्भावित अवस्थाहरुको बारेमा सूचित नभई

संकलन गरिएका सूचना तथ्याङ्कले रेड प्रक्रियामा भएका वा हुने निर्णयहरुलाई कस्तो प्रभाव पार्न सक्ला ? प्रश्नचिह्न लागेको छ । परिणामस्वरुप रेडले सम्बोधन गर्नुपर्ने मुद्दाहरुमा आरपीपी तयारी प्रक्रियाले कस्तो प्रभाव जमाउन सक्छ ? पूर्ण आशावादी बन्न सक्ने अवस्था छैन ।

यस प्रक्रियामा सहभागी भएका साझेदार संस्थाका प्रतिनिधिहरुसँग गरिएको अन्तर्वार्ताको आधारमा भन्न सकिन्छ, आरपीपीको तयारी तथा अवलम्बनको प्रक्रिया कस्तो हुनुपर्दछ र के भयो भने जनता बढी लाभान्वित हुन्छन् ? उनीहरुको बुझाइको स्तर कमजोर रहेकोले रेड प्रक्रिया के हो भन्नेमा उनीहरुको असमान बुझाइ पाइयो । उनीहरुले रेडलाई अर्थजन्य सेवाको रुपमा (पैसा आउँदछ र बाँडफाँडमा जनताको अधिकार हुनुपर्दछ) लिइएको पाइयो साथै यसको उपयोगिता र प्रभावको बारेमा जानकार नभएको पाइयो । धेरैजसो साझेदार संस्थाका प्रतिनिधिका अनुसार गोष्ठीमा महिलाको सहभागिता संख्यामा बढी भए पनि ग्रामीण स्तरका महिलाहरुमा विषयवस्तुमा जानकारी भएर आफ्नो विचार राख्ने संख्या नगण्य रहेका थिए ।

रिकफ्टको सहयोगमा क्षमता अभिबृद्धिका कार्यक्रम समानान्तर रुपमा समुदाय तथा आदिवासी समुदायहरुमा नगरिएको हैन तथापि यस्ता विशेष प्रकारका कार्यक्रमले महिला समूहकेन्द्रित कार्यक्रम गरेको पाइएन जसले गर्दा असमान तथा कम सूचित ज्ञानको अवस्थामा रहेका महिला तथा विषय जानिफकारहरुलाई एकै मिश्रणको गोष्ठीले तुलना गर्दा अवश्य पनि अन्तर देखिनु र कमजोरको आवाज दबिन जान्छ जसले रेड प्रक्रियामा उनीहरुको संलग्नता निर्णय प्रक्रियामा नरहेको स्पष्ट देखिन्छ । यदि साझेदार संस्थाका प्रतिनिधिहरुले पर्याप्त तालिम, रेड प्रक्रियाको बारेमा विस्तृत चेतना वा बुझाइ भएको भए उनीहरुबाट सम्भावित आवाज आउँथ्यो, तर्कले स्थान पाउन सक्थ्यो । जसले रेड फाइदाको बाँडफाँडमा उनीहरुले पारदर्शिता, न्यायोचितताको लागि स्थान बनाउन सक्थे वा उनीहरु फाइदाको नीति बनाउन पहल गर्ने मौका पाउने थिए ।

## आरपीपीको खाका

आरपीपी भन्नाले नेपालको रेड अवलम्बनका लागि पूर्वतयारीको खाका हो जुन विश्व बैंक समक्ष पेस गरिसकिएको छ । आरपीपीको खाका विवरणमा आरपीपी कसरी तयार गरियो भन्ने प्रक्रियाको विस्तृत जानकारी दिइएको छ । छुट्टाछुट्टै खण्डहरुमा सरोकारवालासँग गरिएको अन्तर्क्रिया तथा छलफल, सहभागिताको योजना, सन्दर्भ अवस्थाको योजना, अनुगमन तथा मूल्याङ्कन र सम्भावित प्रस्तावनाका कार्यक्रम तथा रकम विनियोजनबारे विस्तृत जानकारी राखिएको छ ।

प्रत्येक खण्डहरुको तयारी छुट्टाछुट्टै कार्य समूहमा गरिएको हो जसमा छुट्टाछुट्टै सहजकर्ताहरु, तालिम वा गोष्ठी सञ्चालन तथा प्रतिवेदन तयार पारिएको थियो । यस समूहले स्थानीय स्तरमा भौगोलिक हिसाबले देशभरि नै फैलिएर गोष्ठी गरेको देखिन्छ । प्रतिवेदन पनि तयार गरिएको छ । प्रत्येक प्रतिवेदनमा विस्तृत जानकारी राखिएको छ- जसले गर्दा प्रतिवेदनको पृष्ठ संख्या १२० माथि रहेको छ । आरपीपी यी सबै प्रतिवेदनको संयुक्त रुप हो जसमा प्रत्येक प्रतिवेदनका विषयवस्तुहरुलाई सम्पादन गरी विशाल आकार दिइएको हो ।

रेड प्रक्रियामा लैङ्गिक सवाल सम्बोधन नभएको आरपीपी प्रतिवेदनले स्पष्ट जनाउँछ । आरपीपीमा महिलालाई सहभागीमात्र बनाएर छेउ लगाइएका व्यक्तिलाई अवसर नै धेरैजस्तो भएको छ भन्ने व्यवहार गरिएको छ किनभने आरपीपीले हालसम्म महिलाले प्राकृतिक स्रोत संरक्षण तथा व्यवस्थापनमा निर्वाह गरेको भूमिकालाई नजरअन्दाज गर्दै रेड प्रक्रियाले

गर्दा महिलामा पर्न सक्ने सम्भावित प्रभावको बारेमा उल्लेख गरिएको छैन । उनीहरुको अधिकार र फाइदा बाँडफाँडमा हुनुपर्ने सहभागिताको बारेमा प्रतिवेदन मौन रहेको छ ।

आरपीपीको विद्यमान खाकामा लैङ्गिक न्यायसम्बन्धी छुटेका पक्षहरु:

- आरपीपी महिलाहरुलाई किन सम्बोधन गर्नुपर्दछ भन्नेमा अकिटय रहेको छ । रेड प्रक्रियामा महिला सहभागिता किन अनिवार्य छ ? कसरी महिला सहभागिता (पृष्ठ ८४)बाट फाइदा पाइन्छ भन्नेमा आरपीपी स्पष्ट हुन सकेको छैन जबकि रेड प्रक्रिया आफैंमा महिला सहभागिता, उनीहरुको भूमिका र पहुँचप्रति चुनौती रहेको छ। यहाँ केवल दलित महिलालाई अति नाजुक अवस्थामा राखिएको भएतापनि आदिवासी जनजातिहरुले पनि यसमा प्रतिक्रिया जनाएका छन् । तथापि यसका बारेमा कुनै सन्दर्भ तथा भूमिका स्पष्ट उल्लेख गरिएको छैन जबकि महिलाहरु विभिन्न जातजातिहरुमा नाजुक अवस्थामा हुन सक्दछन् । अन्य जातिका महिलाहरु जस्तै मधेसी, ब्राह्मण आदिको बारेमा दलित र आदिवासी महिलाहरुले कुनै सवाललाई उठान गरेको यस प्रतिवेदनमा उल्लेख छैन । महत्वपूर्ण कुरा के छ भने मधेसी, ब्राह्मण र क्षेत्री महिलाहरु जो वनमा आश्रित छन्- उनीहरुको अवस्था पनि समान रुपमा नाजुक रहेको छ। उनीहरुको सहभागिता वा संलग्नताको लागि सम्भावित रणनीतिको रुपमा सुझावमात्र दिइएको छ तर क्षमता अभिबृद्धि र अनुगमनजस्ता कार्यमा जोड दिइएको छैन । उनीहरुले पार्न सक्ने प्रभावलाई पनि स्थान नदिएको पाइन्छ ।
- क्रियाशील महिलाहरु जसको प्राकृतिक स्रोतमा आधारित भएर विविध तरिका अनुकूलनका प्रयोगमा ल्याइरहेको अनुभव, भूमिका तथा संलग्नता आदिको बारेमा प्रशस्त प्रमाण नभएका हैनन् । उदाहरणका लागि सामुदायिक वन कार्यक्रमलाई हेर्न सकिन्छ । साथै ग्रामीण जनजीवनमा प्राकृतिक स्रोतमा भएको अन्योन्याश्रित सम्बन्धका बारेमा आरपीपी अनभिज्ञ रहेको छ । महिलाको नाजुक अवस्थाका बारेमा उल्लेख गर्ने हो भने सन्दर्भसहित उल्लेख गर्नुपर्दछ जस्तै: महिलाको भूमिका, संयन्त्रमा पहुच, सामाजिक असमानता आदि । यसरी महिलाहरुको कार्यको स्रहान गर्न र अभिलेखीकरण गर्न बिर्सदै जाने हो भने सामुदायिक वनको लागि महिलाले निभाएको भूमिका, गरेको लगानी र वन पैदावारको उपभोगमा महिला नै पहिलो उपभोक्ता र संरक्षणकर्ता भन्ने मान्यतालाई ठाडो चुनौती हो (गिरी र डानहोफर २००८, पौडेल १९९९, बुसी र सुब्बा २००३ आदि) छ । त्यस्तै यसले गर्दा महिला तथा पुरुषमा हुने फरक तथा महिलाभित्र पनि विभिन्न समुदायको फरक ( दलित, जनजाति आदि) मा उनीहरुको भूमिका, अधिकार, स्रोत, अनुभव तथा नाजुकताको समान रुपले मूल्याङ्कन हुन सक्दैन । उदाहरणका लागि अन्तर्वार्ताको क्रममा आएको अनुभवलाई यहाँ प्रस्तुत गर्न सकिन्छ । पूर्वी तराईका जनजाति महिलाहरुको अनुभव हो- उनीहरुको जीवनमा वनस्रोतको अन्योन्याश्रित सम्बन्ध छ । उनीहरुले वनको जोगाउ गर्ने र उपभोगमा पनि निर्भरता रहेको छ। फलस्वरुप वनमा निषेध गरिएको समयमा पनि स्रोत संकलन गर्नुपर्ने बाध्यता हुन्छ । संकलनको समयमा दण्ड जरिवाना गर्दा महिला दण्डित हुने तर सो स्रोतको लिलामी गर्दा महिलाले सूचना नपाउने र पुरुषले गएर मोलतोल गरेर लग्ने गरेको सुनाए । तर स्रोत संकलन गरेर उनीहरुले ल्याउने हुदा लिलामीमा पनि उनीहरुले सहभागी हुन पाउनुपर्ने माग गरेका थिए । यस्ता फरक धारका स्थानीय अनुभवहरु प्रतिवेदकहरुले अभिलेखीकरण गरेको भएता पनि आरपीपीमा स्थान नपाएको अवस्था छ। यस्ता सवालहरु

कसरी छुटे भनेर खोजी गर्दा आरपीपी प्रतिवेदन सीमित पृष्ठ संख्यामा सक्नुपर्ने भएकाले छुटेको जानकारी पाइयो ।

- आरपीपीले समुदायमा हुने फाइदा बाँडफाँडमा महिलाहरुको के कस्तो पहुँच हुने गर्छ जस्ता विषयमा केही उल्लेख गरेको छैन । जबकि नेपालको वन संरक्षणमा सामुदायिक वनको संरक्षण उपभोग तथा व्यवस्थापनमा महिलाको भूमिका उल्लेखनीय रहेको छ । यदि रेड प्रक्रियाको तत्काल अवलम्बन गर्ने हो भने यस्ता कार्यहरु जस्तैः वन सम्बर्द्धन, हेरालु, अग्निरेखा आदिमा बढी समय खर्च गर्नुपर्ने हुन्छ जसले महिलाहरुको कार्य समय बढ्ने देखिन्छ । नेपालको ग्रामीण समुदायको विश्लेषण गर्ने हो भने पुरुषको संख्या अत्यधिक कमी देखिन्छ किनकि अधिकांश पुरुष बिदेसिने क्रमलाई रोक्न सकिने अवस्था छैन । यस्तो अवस्थामा ग्रामीण क्षेत्रमा महिलाको काँधमा जिम्मेवारीमात्रै थुपार्ने नीतिको विकास त हुने हैन ?
- आरपीपीमा महिला तथा पुरुषको लैङ्गिक विश्लेषणको तथ्याङ्क अभाव रहेको छ । त्यस्तै अधिकार, भूमिका, स्रोत, दबादमा रहेको तथा नाजुक अवस्थाको बारेमा फरक छुट्याइएको छैन- जसले गर्दा (क) महिला र पुरुषबीच र (ख) महिला-महिलाबीचको अवस्था विश्लेषण (दलित, जनजाति, पहाडी तथा मधेसी बीचमा) जस्ता विश्लेषणको अभाव पनि आरपीपीमा पाइयो । यस्ता प्रकारको दृष्टिकोणको अभाव आरपीपीको परीक्षण योजनामा पनि रहेको पाइयो- जुन तत्कालै सञ्चालनमा ल्याइने भएको छ । यसरी नै महिलाको भूमिकालाई कदर नगरिएको र रेडमा सहभागिता पनि नगरिएको अवस्था रहेको छ । यसो हुनुमा अझै पनि वनलाई प्राविधिक विषयवस्तुको रुपमा लिइनु, महिलालाई अझै पनि कमजोर मान्ने अवस्थाले मुख्य भूमिका खेलेको देखिन्छ । आरपीपीको सन्दर्भ सूचीमा पनि कार्बन अनुगमनमा सामाजिक मान्यता र संयन्त्रको अध्ययन नगरिएको पाइयो । हाल पनि महिलाहरुलाई केन्द्रित गरी क्षमता अभिबृद्धि, तालिम तथा बचत अभियानजस्ता कार्यक्रम तय गरिएको छैनन् जसबाट लैङ्गिक समानतामुखी होस् ।
- आरपीपीले आईएलओको १६९ लाई जसरी प्राथमिकता दिएर तयार गरेको छ महिलाको हकमा पूर्वाग्रही तथा पुरानो पद्धतिलाई अंगालेर विभिन्न लैङ्गिक कानुनी सन्धिहरुको बेवास्ता गरेको छ । यसरी स्रोतमाथिको अधिकारमा आदिवासीको मुद्दालाई सम्बोधन गरी रेड परिकल्पनामा समावेश गरिएको छ, महिलाको हकमा अत्यन्त महत्वपूर्ण बेइजिङ सन्धिलाई समेत सम्बोधन गरिएको छैन । आरपीपीले स्पष्ट रुपमा नेपालमा रहेका लैङ्गिक एजेन्ट अन्तर्राष्ट्रिय अस्तित्वसहितका संस्थाहरु (सिड, महिला मञ्च) लाई समावेश गर्न सकेको छैन जसले प्राकृतिक स्रोतका लैङ्गिक सवालमा वकालत गर्न सक्दछन् । यसरी समावेश नगराउनुका पछाडि के कस्ता कारण हुन सक्दछन् ? मन्त्रालयका प्रतिनिधि तथा आरपीपी लेखन टोलीसँगको अन्तर्क्रियामा सहभागीहरुका अनुसार, लेखन टिमलाई दिइएको मार्गनिर्देशनमा आदिवासी जनजातिलाई जसरी निर्दिष्ट गरिएको थियो त्यसैगरी मार्गदर्शनमा महिलालाई पनि राखिएको भए यो कमजोरी नहुने राय व्यक्त गरियो । यसले के जनाउँदछ भने अझै पनि महिलाको लागि किटान गर्न सकिएन भने महिला समुदाय तथा समुदायको अधिकारभित्रको दायरामा कैद हुन सक्ने अवस्था छ । जबकि समुदायको आवाजले मात्र पनि महिलाको आवाजलाई प्रतिनिधित्व गर्न सक्दैन भन्ने स्पष्ट छ । हालै भएका अध्ययनले के देखाएको छ भने सामूहिक फाइदा र अधिकारमा महिलालाई सीमित

गरियो भने त्यो मान्यता आफैंमा असफल हुनेछ (अग्रवाल २००४, लामा तथा बुशी २००३)। यसप्रकार अध्ययनबाट आएको तथ्यलाई आरपीपीले अनुशरण गरेको पाइएन।

- त्यसैगरी नेपालको रेड संयन्त्रको सम्भावित सामाजिक मूल्याङ्कनलाई आरपीपीले उल्लेख गरेको छैन। यसको प्रत्यक्ष नकारात्मक प्रभाव महिलाहरुको जीविकोपार्जनमा नै पर्न जाने देखिन्छ। नेपालको ग्रामीण क्षेत्रको कृषि तथा जीविकोपार्जनमा वनस्रोत प्रमुख दैनिकी हो महिलाहरु जसको सामीप्यमा रातदिन रहेका छन्। महिलाहरुको स्रोतमाथिको निर्भरतासँगै स्रोत संरक्षण र सम्बर्द्धनमा यदि सचेत नभई निर्णय गरियो भने हाल गरिएजस्तैः संरक्षण क्षेत्रहरुको घोषणा र नागरिक समाजहरुको प्रतिकार जसले प्रत्यक्ष रेडको आर्जनसँग सरोकार राख्दछ। यस्ता क्षेत्रको संरक्षण सहकार्यविना सम्भव छ ?

## समतामूलक लैङ्गिक रेड बनाउन सकिएला

महिलाहरुको स्रोत सम्वर्द्धन, उनीहरुको अनुभव, प्राकृतिक स्रोत व्यवस्थापनको सिप, भिन्न वातावरणमा अनुकूलन तथा व्यवस्थित गर्ने सरल रणनीतिको अवलम्बन, सक्रिय र अभिन्न जीविकोपार्जनको अनुभवलाई आरपीपीले चटक्कै बिर्सेको देखिन्छ यसले खास सम्बोधन गर्न सकेको छैन। तसर्थ नेपालमा आरपीपीको नमुना अध्ययन योजना अवलम्बन गर्दा वातावरण परिवर्तन र अनुकूलन संयन्त्र विकासमा महिलाहरुको अनुभव तथा क्रियाशील सहभागिताको समावेश अपरिहार्य छ जसको लागि रेडका बारेमा महिलाहरुमा निम्न स्तरसम्म सूचनाको सम्प्रेषण हुनु जरुरी छ। त्यस्तैगरी प्रोत्साहनका विभिन्न योजना, समतामूलक फाइदा, बाँडफाँडको संयन्त्र विकास आदिलाई नमुना अध्ययन योजनाका कार्यान्वयनमा समावेश गरिनुपर्दछ।

पुनश्च बहुसरोकारवालाहरुको सहकार्यमा बनाइएको रेड नीति तयारीलाई बढावा दिँदै, समावेशी सहभागिताको नीति अवलम्बन हुनु र प्रक्रियागत तथा परिणाम सबैमा समान अवसर र जिम्मेवारीको समान सहकार्य गरिनु आजको आवश्यकता हो। तसर्थ के कस्ता विधिहरु अवलम्बन गरी प्रतिनिधि निकाय तथा संस्थाहरुको आवाज तथा सवालहरुलाई प्रभावकारी बनाउन सकिन्छ ? जस्तै पुनरावलोकन, सिकाइको अनुसरण गर्ने वातावरण दिने, अनुगमन तथा मूल्याङ्कनको अभ्यास गर्ने आदिबाट ग्रामीण अवस्थालाई विश्लेषण गर्ने तथा अभ्यासका लागि महिलाहरुलाई तयार गर्न (क्षमता अभिबृद्धि तथा सूचित हुन पाउने) आवश्यक तयारी गर्नुपर्दछ।

तथापि आरपीपी आफैंमा अत्य भने होइन। हालको स्वीकृत आरपीपीलाई कार्यान्वयनमा ल्याउँदा रेड प्रक्रियामा महिलाहरुको क्रियाशील नयाँ भूमिका पहिचान गर्नुपर्दछ साथै फाइदाको बाँडफाँडमा पारदर्शी तथा स्पष्ट रुपले महिलाहरुलाई समावेश गर्नुपर्दछ। नेपालले हाल गर्न लागेको परीक्षण योजना समयसापेक्ष रहेको भएता पनि कार्यान्वयनमा ल्याउने क्रममा सरकारी, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नागरिक समाज, हिमवन्ती र अन्य सरोकारवालाहरुको सहकार्यमा गरिनुपर्दछ। परीक्षण कार्यक्रमको कार्यान्वयनमा मुख्य भूमिका रेड सेलको भएकाले नेपालमा कार्यान्वयन हुने रेड दूरदृष्टि तय गर्दा हालको असमान लैङ्गिक अवस्थालाई जिम्मेवारीपूर्वक सम्बोधन गरिनुपर्दछ। हालको अवस्थामा वातावरणीय न्याय तथा परिवर्तनका लागि महिलाको सम्भावित शक्तिको पहिचान गरी सम्बोधन हुनुपर्दछ। यदि रेडले यो सम्बोधनलाई बेवास्ता गरिदियो भने महिलाले हालसम्म वनमा आश्रित रहेर वनको दिगो उपयोग तथा व्यवस्थापन, जलवायु परिवर्तनमा गरिएको अनुकूलनमा आर्जन गरेको अनुभव, ज्ञानको अवमूल्यन हुन जानेछ।

आरपीपीले रेड कार्यक्रममा तल उल्लेखित बुदाहरुको उपयोग गरी लैङ्गिक अवसरहरुलाई सम्बोधन गर्नुपर्दछ-

- समानान्तर रुपमा रेड नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय सन्धिहरुको हेक्का राखिनुपर्दछ। कानुनी रुपमै पारित सन्धिहरु जस्तैः CEDAW, बेइजिङ सन्धि आदिलाई नेपालले पारित गरी लागू गरेको लामो समय भइसकेको छ तथापि यस्ता सन्धिहरुले पारित गरेका नीति नियमले दिएको महिलाको भूमिका, स्थान तथा फाइदाको बारेमा रेड प्रक्रिया मौन रहेको छ।
- सुरक्षित विधिहरुको प्रयोगले महिलालाई थप कार्यभार दिने नभई समयसापेक्ष तथा कम मानवीय स्रोतले हुने विधि तथा नीति प्रयोगमा ल्याउनुपर्दछ।
- दातृनिकायहरुको योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन मार्गनिर्देशनमा लैङ्गिक विश्लेषणलाई अनिवार्य गराइनुपर्दछ।
- क्षमता अभिबृद्धि, अनुसन्धान तथा पैरवी, सञ्जालहरु तथा अनुसन्धानको सम्बन्धलाई बलियो तथा सहज पार्नु आवश्यक छ।
- रेडको बारेमा जानकारीका लागि विस्तृत कार्यक्रम तय गरी नेपालमा यसको अवलम्बन प्रक्रिया, उपयोगितामा लैङ्गिक विखण्डनसहितको विश्लेषण गरी फाइदाको बाँडफाँडमा समेत पारदर्शी र जिम्मेवारीसहितको सहभागितात्मक कार्यक्रम सञ्चालन गरिनुपर्दछ।
- लैङ्गिक समानतामा आधारित पद्धतिको विकास र समाजमा विद्यमान महिला तथा पुरुषप्रतिको विभेद, उनीहरुको भूमिका तथा जिम्मेवारीहरु, आवश्यकता र प्राथमिकताहरु, अनुभवहरु, वन तथा स्रोतमाथिको पहुँच र नियन्त्रण आदिको लेखाजोखा तथा अभिलेखीकरण गर्दै महिला महिलाबीचको आन्तरिक विभेद तथा महिला-पुरुषबीचको विभेदलाई पनि अध्ययन गरिनुपर्दछ।
- वनस्रोतमा आश्रित महिलाहरुले संरक्षण तथा व्यवस्थापनमा निभाएको भूमिका, उनीहरुको ज्ञानलाई सम्मान गर्दै रेडले लिने फाइदामा महिलाको भाग निश्चित हुनु अत्यन्त जरुरी छ।
- जलवायु परिवर्तनको संवाहक, जोखिम न्यूनीकरण तथा अनुकूलनमा महिलाको सशक्त भूमिका तथा स्थानलाई पहिचान गरिनुका साथै रेड प्रक्रियामा सो स्थानको सही सम्बोधन हुनुपर्दछ।
- महिला महासंघहरुले विभिन्न महिला सञ्जालहरुसँगको सहकार्यलाई बढाउँदै लैजाने र उनीहरुले गरेको कार्यगत अध्ययन / अनुसन्धानलाई आधार मानेर वकालतलाई अगाडि बढाउँदा महिलाको आवाज अझै बढी वैज्ञानिक र तथ्यपरक बन्दछ।
- राष्ट्रिय स्तरमा महिलाको अधिकारलाई व्यवस्थित र बलियो पार्नका लागि महिलामा सम्पत्तिको अधिकार संविधानमा उल्लेख गराउनुपर्दछ। राष्ट्रले महिलाको सम्पत्ति अधिकार, भिन्न बजेट रणनीति तथा नीति निर्माण र अनुगमनका लागि अलग्गै निकायको व्यवस्था गर्नुपर्दछ।
- रेड नीति तथा कार्यक्रम तय गर्दा विद्यमान अन्तर्राष्ट्रिय लैङ्गिक सन्धिहरुको पनि पुनरावलोकन हुनु आवश्यक छ।
- जलवायु परिवर्तनको सम्झौता, रेड प्लसको अभ्यास गर्दा महिला समूहहरुको भूमिकालाई उठान गर्न सक्ने जस्तैः हिमवन्ती, आदिवासी महिला समूह आदि, नागरिक समाज तथा राष्ट्रको भूमिकामा सही प्रतिनिधित्व र विषयवस्तुमा विशेष ज्ञान राख्नेहरुको प्रतिनिधित्व भई महिलाको पक्षमा अधिकार, जिम्मेवारी तथा फाइदाको बाँडफाँडमा न्यायोचितता ल्याउनु अपरिहार्य छ। ●●●

---

**गिरी वन विशेषज्ञ (फरेष्टएक्सन)मा हुनुहुन्छ।*

***थापा फरेष्टएक्सन नेपालसँग आवद्ध हुनुहुन्छ।*